सिद्ध कुमारव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**ढोरचौर, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**

प.स.२०८०।८१
च.न.

**मिति २०८०/११/०३ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा**
:

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. अनुगमन समितिको नियमित प्रतिबेदन माथिको छलफल सम्बन्धमा ।
३. योजना अनुगमन सम्बन्धी जिम्मेवारी वडा समितिमा प्रत्यायोजन सम्बन्धमा ।
४. आवधिक योजना तर्जुमा निर्देशक समिति गठन सम्बन्धमा ।
५. मुख्यमन्त्रि रोजगार कार्यक्रमको कार्य  दिन कायम गर्ने सम्बन्धमा ।
६. खानेपानी तथा सिचाइ योजना छनौट सम्बन्धमा ।
७. आर्थिक सहायता  सम्बन्धमा ।
८. गुनासो सम्बोधन सम्बन्धमा  ।
९. योजना तथा कार्यविधि निर्माण सम्बन्धमा ।
   - बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धि कार्यविधि
   - रोजगार रणनिति तर्जुमा
१०. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सिफारीस सम्बन्धमा ।
११. जनता आवास कार्यक्रम लाभग्राही छनौट सम्बन्धमा ।
१२. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८०/०९/२५ गते बसेको गाउँ कार्यपालिकाको नबौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ अनुगमन समितिको नियमित प्रतिबेदन माथिको छलफल सम्बन्धमा।**

**निर्णय नं २:**

गाउँपालिका उपाध्यक्ष ज्युको संयोजकत्वमा रहेको योजना अनुगमन समितिले चालु आव २०८०।८० को श्रवण देखि माघ सम्म गरेको योजना तथा कार्यक्रम अनुगमन सम्बन्धि प्रतिबेदन कार्यपालिका बैठकमा व्यापक छलफल गरि पारित गरियो ।

**प्रस्ताव नं ३ योजना अनुगमन सम्बन्धि अधिकार वडा समितिमा प्रत्यायोजन सम्बन्धमा ।**

**निर्णय नं ३:**

गाउँपालिका द्धारा कार्यान्वयन हुने योजना तथा कार्यक्रमको सम्पुर्ण अनुगमन तथा सुपेरिवेक्षण गाउँपालिका स्तरिय अनुगमन समिति मार्फत हुदै आएकोमा योजना कार्यान्वयन प्रकृयालाई छिटो छरितो र प्रभावकारी बनाउन गाउँपालिका स्तरिय समितिको कार्यबोझको आधारमा अव उप्रान्त रु १ लाख ५० हजार सम्म लागत अनुमान भएको योजनाको अन्तिम अनुगमन गर्ने जिम्मेवारी वडा स्तरिय अनुगमन समितिलाई दिने निर्णय गरियो ।

**प्रस्ताव नं ४ आवधिक योजना तर्जुमा निर्देशक समिति गठन सम्बन्धमा ।**

**निर्णय नं ४:**

गाउँपालिकाको पाँच वर्षिय विकास कार्यक्रमलाई समेटेर निर्माण क्रममा रहेको आवधिक योजना तर्जुमामा आवश्यक निर्देशन तथा समन्वय गर्नका लागि आवधिक योजना तर्जुमा दिग्दर्शन बमोजिम देहायको निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

| क्र स | नाम थर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री भरत गरी | गापा अध्यक्ष | संयोजक |
| २ | श्री राम बहादुर बस्नेत | गापा उपाध्यक्ष | सह संयोजक |
| ३ | श्री रमेश चलाउने | १ नं वडा अध्यक्ष | सदस्य |

| | | | |
|---|---|---|---|
| ४ | श्री मेक बहादुर बुढाथोकी | २ नं वडा अध्यक्ष | सदस्य |
| ५ | श्री जिवराज बोहरा | ३ नं वडा अध्यक्ष | सदस्य |
| ६ | श्री खर्कवीर रोका | ४ नं वडा अध्यक्ष | सदस्य |
| ७ | श्री चुडामणी रेउले | ५ नं वडा अध्यक्ष | सदस्य |
| ८ | श्री आशा परियार | कार्यपा लका सदस्य | सदस्य |
| ९ | श्री बुदि कवर | कार्यपा लका सदस्य | सदस्य |
| १० | श्री करुणा राना वस्नेत | कार्यपा लका सदस्य | सदस्य |
| ११ | श्री भम बहादुर व क | कार्यपा लका सदस्य | सदस्य |
| १२ | श्री केशर परियार | कार्यपा लका सदस्य | सदस्य |
| १३ | श्री मनि सार्की | कार्यपा लका सदस्य | सदस्य |
| १४ | श्री राजेश बोहरा | योजना अ धकृत | सदस्य |
| १५ | श्री शोभाराम रावल | प्रा व धक शाखा प्रमुख | सदस्य |
| १६ | श्री र वन्द्र बहादुर थापा | लेखा प्रमुख | सदस्य |
| १७ | भमलाल भण्डारी | सुचना प्र व ध अ धकृत | सदस्य |
| १८ | श्री सरिता रावल गरी | व्यावसायी | सदस्य |
| १९ | श्री डल्ली खड्का | प्रमुख प्रशासकीय अ धकृत | सदस्य स चव |

**प्रस्ताव नं ५ मुख्यमन्त्री रोजगार कार्यक्रमको कार्य दिन कायम गर्ने सम्बन्धमा ।**

**निर्णय नं ५:**

कर्णाली प्रदेश सरकार द्धारा यस गाउँपालिकामा कार्यान्वयनमा रहेका मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित सबै योजनाहरुको न्युनतम कार्य दिन ३० र अधिकतम कार्य दिन ५० कायम हुने गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ खानेपानी तथा सिचाइ योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं ६:**

संघ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विककास कार्यक्रम तथा आयोजनाको वर्गिकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ बमोजिम प्रदेश सरकारबाट संचालन हुने मझौला प्रकृतिका सिचाइ आयोजना र खानेपानी पहुच नपुगेका स्थानमा संचालन हुने देहायको योजना छनौट गरि पठाउने निर्णय गरियो ।

## सिचाइ आयोजनाहरु

| सि न | आयोजना | सिंचित हुने क्षेत्रफल | सिचाइ श्रोतको नाम | घरधुरी संख्या | लागत अनुमान |
|---|---|---|---|---|---|
| १ | सतिपोले सिचाइ कुलो आयोजना वडा न १ | ३ हेक्टर | सारदा नदी | १२ | १५ लाख |
| २ | माझ कुलो सिचाइ आयोजना वडा न २ | ५ हेक्टर | त्रिवेणी खोला | १२ | २० लाख |
| ३ | कामि साङ्टा तल्लो सिचाइ आयोजना वडा न ३ | १० हेक्टर | फलाटेखोला | २५ | २५ लाख |
| ४ | तल्लो टाकुरा सिमखेत फागुनेखोली सिचाइ आयोजना वडा न ४ | ८ हेक्टर | खार्वन जिउला खोला | १७ | २५ लाख |
| ५ | जागिरी सिचाइ कुलो आयोजना वडा न ५ | ४ हेक्टर | गतेखोला | २५ | २० लाख |
| ६ | सिस्ने विरौटा सिचाइ आयोजना | ३ हेक्टर | सिस्नेरी खोला | १५ | २५ लाख |

## खानेपानी आयोजनाहरु

| सि न | आयोजना | खानेपानी बन्चित घर धुरी संख्या | खानेपानी श्रोतको नाम | घरधुरी संख्या | लागत अनुमान |
|---|---|---|---|---|---|
| १ | खर्सेनीखोला धानेटाकुरा मोखला खानेपानी आयोजना वडा न १ | ४० | खर्सेनीखोला | ६० | ५० लाख |
| २ | बाटामुनी खानेपानी आयोजना वडा न २ | २५ | बाटामुनी मुहान | २५ | २५ लाख |
| ३ | झारगाउँ खानेपानी आयोजना वडा न ३ | ७५ | खरिखोला | ७५ | ५० लाख |
| ४ | माथिल्लो सागिने खानेपानी आयोजना वडा न ४ | १८ | मुदेओडार मुहान | १८ | १० लाख |
| ५ | साउनेपानी खानेपानी आयोजना वडा न ५ | ४० | साउनेपानी मुहान | ४० | २० लाख |

**प्रस्ताव नं ७ आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | सुनिता चन्द | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | भुकम्पका कारण घर आंशिक क्षति | रु १५ हजार मात्र |

**प्रस्ताव नं ८ गुनासो सम्बोधन सम्बन्धमा ।**

**निर्णय नं ८:**

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयद्धारा संचालित गुनासो सुनुवाइ पोर्टलमा दर्ता भएका यस गाउँपालिका सँग सम्बन्धीत देहायको गुनासाहरुको सम्बन्धमा व्यापक छलफल गरि समाधानका लागि प्रतिवद्ध रहने निर्णय गरियो ।

| सिन | गुनासोको विषय | गुनासो गर्ने व्यक्ति | समाधानको अवस्था |
|---|---|---|---|
| १ | वडा नं २ का केहि ठाउँमा विद्युतका पोल केहि ठाउँमा नगाडिएको | ठगेन्द्र टमाटा | समाधान भइ सकेको |
| २ | पशु विरामी हुदा उपचार नपाएको | नन्दकली रेग्मी | समाधान भइ सकेको |
| ३ | वडा नं ३ को केहि स्थानमा विद्युत बल्न नसकेको | ठगेन्द्र टमाटा | समाधान भइ सकेको |
| ४ | वडा नं ३ को केहि स्थानमा विद्युत बल्न नसकेको | ललिता गौतम | समाधान भइ सकेको |
| ५ | जस्ता पाताको रकम खातामा नआएको र कर्मचारीले म्याद सकियो भनेको | सिता कामी | समाधान भइ सकेको |
| ६ | अनुदानमा गहुको वितरण कार्यक्रममा गापाले उपयुक्त साझेदारी नगरेको | ललिता गौतम | समाधान भएको |
| ७ | निर्वाचन शिक्षामा खटिएको रकम भुक्तानी नपाएको | राधिका घर्ति | समाधान भएको |

**प्रस्ताव नं ९ कार्यविधि निर्माणका लागि सैद्धान्तिक सहमति सम्बन्धमा ।**

**निर्णय नं ९:**

देहायका ऐन तथा कार्यविधिको मस्यौदा निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

- बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धि कार्यविधि ।
- रोजगार रणनिति तर्जुमा ।

**प्रस्ताव नं १० राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम छनौट सम्बन्धमा ।**

**निर्णय नं १०:**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्धारा प्रकाशित सुचाना अनुसार यस गाउँपालका अन्तर्गत विद्यालयहरुबाट पेश भएका योजना तथा कार्यक्रमहरुलाई देहाय बमोजिमको प्राथमिकता अनुसार पठाउने निर्णय गरियो ।

| क स | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | महेन्द्र आदर्श माध्यमिक विद्यालय बाँझकाडा | विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम ( ४ कोठे भवन) | |
| २ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय छापडाँडा | विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम ( ४ कोठे भवन) | |
| ३ | निराजन माध्यमिक विद्यालय ढोरचौर | पुस्तकालय स्थापना | |
| ४ | हिमालय आधारभूत विद्यालय माझखर्क | विद्यालयमा सूचना प्रविधि, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना | |
| ५ | हिमालय आधारभूत विद्यालय डाँडाकटेरी | विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम ( ४ कोठे भवन) | |
| ६ | देउराली मावि कुयाँझोल | ICT ल्याव व्यवस्थापन | |
| ७ | जनसेवा आवि सागिने | विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम ( ४ कोठे भवन) | |

**प्रस्ताव नं ११ जनता आवास कार्यक्रम लाभग्राही छनौट सम्बन्धमा ।**

**निर्णय नं ११:**

कर्णाली प्रदेश सरकारको आव २०८०।८१ मा संचालित जनता आवास कार्यक्रम अन्तर्गत यस गाउँपालकाको निर्धारित कोटामा देहायका लाभग्राहीहरु छनौट गरि पठाउने निर्णय गरियो ।

| क्रस | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | विक्रम दमाई | सिद्ध कुमाख ४ सल्यान | जनता आवास |
| २ | अर्जुन बादी | सिद्ध कुमाख ५ सल्यान | जनता आवास |
| ३ | देवी कामी | सिद्ध कुमाख २ सल्यान | विपन्न वर्ग आवास |